# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

पत्र संख्या : ८२/०८३
चलानी नम्बर : १८२१

मितिः २०८३।०३।०५

**बिषयः छात्रवृत्तिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा भूमिकास्थान नगरपालिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुका लागि छात्रवृत्ति वितरण कार्यक्रम रहेको हुँदा भूमिकास्थान नगरपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९ बमोजिम निम्न योग्यता पुगेका विद्यार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र तोकिएका कागजात सहित यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**छात्रवृत्ति प्रदान गरिने विषयहरुः**

- १) तीन वर्षे डिप्लोमा/कक्षा ९-१२ तर्फको वाली विज्ञान, पशु प्राविधिक, अमिन, आयुर्वेद, डिप्लोमा इन्जिनियरिङ्ग, पारामेडिकल।

**लक्षित वर्गः**

- भूमिकास्थान नगरपालिका भित्र स्थायी बसोवास गरी सामुदायिक विद्यालयमा अध्ययनरत गरिब, जेहेन्दार, अल्पसंख्यक, आर्थिक रुपले कमजोर, दलित, जनजाति तथा अपाङ्ग ईच्छुक विद्यार्थीहरु।

**पेश गर्नुपर्ने कागजातहरुः**

१) भूमिकास्थान नगरपालिका भित्र घर ठेगाना भई स्थायी रुपमा बसोवास गरेको व्यहोरा खुल्ने कागजात।
२) प्राविधिक विषयको लागि सम्बन्धित संस्थामा भर्ना भएको विवरण खुल्ने तथा नियमित पठनपाठन गरेको भनी सम्वन्धित सस्थाको सिफारिस र परिचय पत्रको प्रतिलिपी।
३) अन्य कुनै पनि संस्थाबाट वा निकायबाट छात्रवृत्ति नपाएको भनि सम्बन्धित संस्थाको सिफारिस।
४) दलित, अल्पसंख्यक तथा जनजातीको हकमा तोकिएको क्षेत्रको लक्षित वर्ग हो भनि सम्बन्धित वडाले व्यहोरा खुल्ने गरी गरेको सिफारिस।
५) कक्षा ११ मा अध्ययन गर्नेको हकमा सामुदायिक विद्यालयबाट कक्षा १० उत्तीर्ण गरेको हो भनी सम्वन्धित संस्थाले व्यहोरा खुल्ने गरी गरेको सिफारिस एवम् शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपीहरु।
६) कक्षा ९ मा अध्ययन गर्नेको हकमा सामुदायिक विद्यालयबाट कक्षा ८ उत्तीर्ण गरेको हो भनी सम्बन्धित संस्थाले व्यहोरा खुल्ने गरी गरेको सिफारिस एवम् शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपीहरु।
७) अपाङ्गताको हकमा अपाङ्ग परिचय पत्रको प्रतिलिपी।
८) गरिब तथा आर्थिक रुपले पिछडिएको हकमा २ रोपनी भन्दा कम जग्गा भई २ महिना पनि खान नपुग्ने, २ रोपनी भन्दा बढी ५ रोपनी भन्दा कम जग्गा भई ४ महिना पनि खान नपुग्ने र सो भन्दा बढी जग्गा भई बाह्रै महिना खान नपुग्ने भएमा सम्बन्धित वडाले गरेको सिफारिस र एकाघरका परिवारका सदस्यहरुको नाममा रहेको जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी।
९) आवेदन पेश गर्ने ढाँचा https://bhumikasthanmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।
१०) थप जानकारीको लागि ९८५७०६९९८४ मा सम्पक गर्न सकिनेछ।

रबिन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

रबिन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## प्राविधिक छात्रबृत्ति आवेदन पेश गर्ने ढाँचा

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची ।

**विषय: आवेदन पेश सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयको मिति .............. गते प्रकाशित प्राविधिक छात्रवृत्तिको लागि आवेदन पेश गर्ने सूचना बमोजिम म पनि उक्त छात्रवृत्तिको लागि योग्य र ईच्छुक रहेकोले निम्नानुसारको विवरण भरी यो आवेदन पेश गरेको छु ।

क) व्यक्तिगत विवरण:

<table>
<tr><td rowspan="5">स्थायी ठेगाना</td><td rowspan="2">नाम थर</td><td>(देवनागरीमा)</td><td colspan="2"></td></tr>
<tr><td>अंग्रेजी ठूलो) अक्षरमा(</td><td></td><td>लिङ्ग:</td></tr>
<tr><td colspan="2">नागरिकता नं: XXX</td><td>जारी गर्ने जिल्ला :XXX</td><td>मिति :</td></tr>
<tr><td>जिल्ला</td><td>गा.पा./न.पा.:</td><td colspan="2">वडा नं.:</td></tr>
<tr><td>टोल:</td><td>घर नं./मार्ग:</td><td colspan="2">फोन नं.:</td></tr>
<tr><td colspan="3">पत्राचार गर्ने ठेगाना :</td><td colspan="2">ईमेल ठेगाना:</td></tr>
<tr><td colspan="3">विद्यार्थीको जन्म मिति :वि.स.मा</td><td colspan="2">बाबुको नाम, थर:</td></tr>
<tr><td colspan="3">आमाको नाम, थर :</td><td colspan="2">बाजेको नाम, थर :</td></tr>
</table>

ख) शैक्षिक योग्यता : आवेदन फाराम भरेको छात्रवृत्तिको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता उल्लेख गर्ने

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय तालिम दिने/बोर्ड/ संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/ प्रतिशत | मूल विषय | संस्थाको किसिम |
|---|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | | |
| | | | | | | |

मैले यस आवेदन फाराममा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेबुझाउनेछु ।कार्यालयले जारी गरेको भूमिकास्थान नगरपालिकाको छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७८ बमोजिम छात्रवृत्ति छनोटका लागि मूल्याङ्कनका आधारहरु/शर्तहरु पालना गर्न मञ्जुर छु ।सो सम्बन्धमा कही कतै उजुर गर्ने छैन ।

<table>
<tr><th colspan="2">विद्यार्थीको ल्याप्चे सहीछाप:</th><td rowspan="2">विद्यार्थीको दस्तखत:</td></tr>
<tr><th>दायाँ</th><th>बायाँ</th></tr>
<tr><td></td><td></td><td>मिति:</td></tr>
</table>

..............
निवेदक

CS CamScanner